हुलाक मञ्जुषा २१२५, ६० न्यूप्लाजा मार्ग, पुतलीसडक, काठमाडौं, नेपाल
फोनः ००९७७-१-४४२९७४१ ● फ्याक्सः ००९७७-१-४४१९६१०

GPO Box 2125, 60 New Plaza Marga, Putalisadak, Kathmandu, Nepal
Tel: 00977-1-4429741 ● Fax: 00977-1-4419610
E-mail: wafed@ntc.net.np ● Website: www.wafed-nepal.org

जल तथा ऊर्जा
उपभोक्ता महासङ्घ-नेपाल
Water & Energy Users' Federation-Nepal

२०६३ माघ ७ (२१ जनवरी २००७)

प्रेस विज्ञप्ति

# काठमाडौं उपत्यकाको खानेपानी निजीकरणको तीव्र विरोध

काठमाडौं उपत्यकामा हुन लागेको *खानेपानी निजीकरण र यसका विकल्प* विषयक अन्तरक्रिया कार्यक्रमका वक्ताहरुले सरकारले गर्न लागेको खानेपानी निजीकरण कुनै पनि हालत हुन नहुने बताएका छन् ।

कार्यक्रममा बोल्दै सांसद हरि रोकाले वर्तमान सरकार र संसदको जननी बाह्र बुँदे समझदारीलगायत अन्य सहमति र सम्झौतासमेत यी कुरा उल्लेख नभएको संविधान सभाका लागि अब बन्न पर्ने काम चलाउ सरकारकालागि काम गरिरहेको वर्तमान काम चलाउ सरकारलाई प्राकृतिक स्रोतसाधनलगायत कुनै पनि प्राकृतिक स्रोतसम्पदाहरुको दीर्घकालीन असर हुने गरी निर्णय गर्ने हैसियत नरहेको बताउनु भयो । दुई वटा बाणिज्य बैंकहरूको व्यवस्थापनको जिम्मा विदेशीलाई दिएकोमा ती प्रयासहरू असफल भैरहेको अवस्थामा फेरी खानेपानीजस्तो आधारभूत सेवालाई कुनै पनि हालतमा विदेशी कम्पनीको जिम्मा लगाउनु नहुने उहाँले बताउनुभयो । हतारमा १४ हजार मेगावाट बिजुलीलगायत प्राकृतिक स्रोतसाधनमाथि कुनै पनि किसिमको दीर्घकालीन निर्णय गर्ने अधिकार वर्तमान संसद तथा सरकारलाई नरहेको र देशले मिश्रित, समाजवादी तथा खुला कस्तो अर्थनीति अवलम्बन गर्ने भन्ने कुरा संविधानसभाको निर्वाचन पछि टुंगो लाग्ने भएकोले मुलुकलाई राजधानीको खानेपानी निजीकरण रोकिनुपर्ने बताउनुभयो । यससम्बन्धमा आगामी माघ ११ गते बस्ने नवगठित संसदमासमेत जोडदाररुपमा कुरा उठाउने पनि उहाँले बताउनुभयो ।

खानेपानी संस्थान कर्मचारी संयुक्त संघर्ष समितिका सचिव राजकुमार थापाले सरकारले जनहितविपरीत खानेपानीको निजीकरण गर्ने निर्यणस्वरूप बदनियत ढंगले निजीकरणसम्बन्धी नयाँ कानुन पारित गरेको कुरा बताउनुभयो । काठमाडौं उपत्यकालगायत केही सहरी क्षेत्रमा कार्यरत संस्थानअन्तर्गतका शाखाले गरेको मुनाफा सेवाको आधारमा उपत्यका बाहिरका अन्य साना सहरी क्षेत्रमा समेत खानेपानी सेवा संचालन भएकोमा काठमाडौं उपत्यका र पोखरा उपत्यकामा खानेपानीको निजीकरण लगत्तै संस्थानले अन्य सहरहरूमा समेत निजीकरण गर्नुबाहेक धान्न नसक्ने भएकोले एक ठाउँमा मात्रै निजीकरण गरिएको भन्नु औचित्यहीन भएको कुरा बताउनुभयो । उहाँले नेपाल सहरी खानेपानी प्राधिकरण र महशुल निर्धारण तथा सेवा अनुगमन समिति छुट्टाछुट्टै निकायका रूपमा गठन गर्न नयाँ विकल्पसमेत प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा बोल्दै अर्थ तथा पानीविद रत्नसंसार श्रेष्ठले काठमाडौं उपत्यका साथै मेलम्ची आयोजनाको मूल्य सम्बन्धित क्षेत्रका जनताले मात्र नभइ हुम्ला जुम्लालगायत सम्पूर्ण नेपाली जनताले चुकाउनु पर्ने भएकोले यस्ता महत्वपूर्ण निर्णय गर्दा ध्यान पुर्‍याउनु पर्ने धारणा राख्नुभयो ।

नेपाल खानेपानी संस्थानका प्रबन्धक हरिप्रसाद ढकालले खानेपानीका निजीकरण र मेलम्ची आयोजनाको बीचमा कुनै सम्बन्ध नहुनुपर्ने धारणा राख्नुभयो । साथै सरकारले निजीकरण जनहितमा नरहने कुरासमेत उहाँले बताउनुभयो ।

जल तथा ऊर्जा उपभोक्ता महासंघ नेपालका अध्यक्ष रामचन्द्र चटौतले मेलम्ची आयोजना करौडौ भ्रष्टाचारको दलदलमा मुछिएको र त्यसैलाई ढाकछोप गर्न काठमाडौं उपत्यकाको खानेपानी निजीकरण गर्न लागिएको बताउनु भयो ।

खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघका अध्यक्ष राजेन्द्र अर्यालले खानेपानी मानवअधिकारको विषय भएको र राष्ट्रसंघीय अनुवन्धहरूले पनि यो विषयलाई प्रत्याभूत गरेको अवस्थामा निजीकरण गर्न नहुने र यो कुरालाई संविधानमा समेत मौलिक अधिकारको रूपमा व्यवस्था गर्नुपर्ने कुरा बताउनुभयो ।

जल तथा ऊर्जा उपभोक्ता महासंघको भोलानाथ ढुंगानाले फिलिपिन्समा असफल खानेपानी निजीकरणको अनुभव सुनाउँदै काठमाडौं उपत्यकामा यदि खानेपानी निजीकरण गरिए यहाँका जनताले पनि फिलिपिन्सको नियति बेहोर्नुपर्ने बताउनुभयो ।

जल तथा ऊर्जा उपभोक्ता महासंघ-नेपाल, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ-नेपाल, उपभोक्ता हित संरक्षण मंच तथा राष्ट्रिय सरोकार समाजद्वारा आयोजित कार्यक्रमको संचालन जल तथा ऊर्जा उपभोक्ता महासंघका कानुनी सल्लाहकार अधिवक्ता रविन सुवेदीले संचालन गर्नुभएको थियो ।

रत्नमंडारी
भंडारी